इमेलः info@ichchhakamanamun.gov.np
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८१/८२

च.नं.

मितिः २०८१/१०/३०

**आ.व. २०८२/८३ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना !**

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ सोको नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम आर्थिक वर्ष २०८२/८३ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहाने इच्छुक १८-५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिले आफु स्थायी रुपमा बसोबास गरेको सम्बन्धी वडा कार्यालयमा मिति २०८१ फाल्गुन महिना भित्रमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धीत वडा कार्यालय, रोजगार सेवा केन्द्र, इच्छाकामना गाउँपालिका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको अभियान "न्यूनतम रोजगार, नागरिकको अधिकार" तथा विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुर्याउने सोच भएकोले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ, साथै सूचीकरणको लागि निवेदन दिदाँ निवेदक र निजका परिवारको यथार्थ र निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन अनुरोध गरिन्छ।

<u>निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः</u>

- निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- निवेदकको १ प्रति पासपोर्ट साइजको फोटो,
- निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नं., जारी मिति तथा जिल्ला लागायतका विवरण,
- निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप, दक्षता, तथा रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार),
- स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपिः (ना.प्र. पत्र अन्यत्रबाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि),
- कुल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी लिएको नलिएको विवरण,
- निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिने छ।

थप जानकारीको लागि सम्बन्धीत वडा कार्यालय तथा रोजगार सेवा केन्द्र, कुरिनटारमा सम्पर्क गर्न सकिने छ।
(सम्पर्क नं. ९८५५०५३६३३)

१०/३०
..............................
(चन्द्रकान्त बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

"सुखी, खुशी र समृद्ध इच्छाकामना ! कृषि, पर्यटन र पूर्वाधार विकास हामो चाहना !!"